**सहकारी (पहिलो संशोधन) विधेयक, २०७५**

भूमे गाउँपालिकाको सहकारी ऐन, २०७४ लाई संशोधन गर्न बाञ्छनीय भएकाले,

सहकारी ऐन, २०७४ को दफा .... ले दिएको अधिकार प्रयोग गरी भूमे गाउँसभाले देहाय बमोजिमको विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो विधेयकको नाम "भूमे गाउँपालिकाको सहकारी (पहिलो संशोधन) विधेयक, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **भूमे गाउँपालिकाको सहकारी ऐन, २०७४ को दफा २० मा संशोधनः**
मूल ऐनको दफा २० को उपदफा (१) मा रहेको अठार वर्ष भन्ने शब्दहरुको सट्टा "सोह्र वर्ष" भन्ने शब्दहरु राखिएका छन् ।

३. **भूमे गाउँपालिकाको सहकारी ऐन, २०७४** को दफा ८१ को उपदफा (१) को खण्ड (च) मा संशोधनः
मूल ऐनको दफा ८१ को उपदफा (१) को खण्ड (च) मा "प्राथमिक पुँजी कोषको दश गुणाभन्दा बढी हुने गरी बचत संकलन गरेमा" भन्ने शब्दहरुको सट्टा "प्राथमिक पुँजी कोषको १५ गुणाभन्दा बढी हुने गरी बचत संकलन गरेमा" भन्ने शब्दहरु राखिएका छन् ।

४. **भूमे गाउँपालिकाको सहकारी ऐन, २०७४ को दफा ८१ को उपदफा (१) को खण्ड (छ)** मा संशोधनः
मूल ऐनको दफा (८१) को उपदफा (१) को खण्ड (छ) मा "शेयर पुँजीको पन्ध्र प्रतिशत भन्दा बढी हुने गरी लाभांश वितरण गरेमा" भन्ने शब्दहरुको सट्टा "शेयर पुँजीको अठार प्रतिशत भन्दा बढी लाभांश वितरण गरेमा" भन्ने शब्दहरु राखिएका छन् ।